**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०३ संख्याः ०७ मितिः २०७९ साल असोज ३० गते**

**भाग–२**
**गुराँस गाउँपालिका**

## बाझो जग्गामा कृषि बाली उत्पादन अनुदान कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/०६/२७

**प्रस्तावना**

बाझो जग्गामा व्यावसायिक खेति प्रोत्साहनबाट यस गुराँस गाउँपालिका अन्तरगत लामो समय देखि बाझो रहदै आएका कृषि योग्य जमिनको उपयोग गरी अनुपस्थित तथा बाझो भु-स्वामित्वलाई निरुत्साहित गरी कृषकहरुलाई बाझो जमिनमा खेति गर्न प्रोत्साहित गर्दै कृषि व्यावसायबाट स्वरोजगारी सृजर्ना गरी सम्भावित भोकमरी कुपोषण निर्मुल गरि पोषण खाद्य सुरक्षा खाद्य सम्प्रभुतालाई प्रवर्द्धन तथा कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकहरुको आर्थिक स्थितिमा सुधार ल्याउन बाझो जग्गामा कृषि उत्पादन अनुदान कार्यक्रमलाई प्रभावकारी र पारदर्शि बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ण) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी “बाझो जग्गामा कृषि बाली उत्पादन अनुदान कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९” तयार गरी जारी गरीएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**:-
(क) यस कार्यविधिको नाम “बाझो जग्गामा कृषि बाली उत्पादन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९” रहनेछ ।
(ख) यो कार्यविध तुरुन्त प्रारम्भ हुनेछ ।
(ग) यो कार्यविधि गुराँस गाउँपालिका भर लागु हुनेछ ।

## परिच्छेद-२

२. **परिभाषा**:- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा
(क) “संविधान” भन्नाले नेपालको संविधान सम्झनुपर्दछ ।
(ख) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्दछ ।
(ग) “कार्यविध” भन्नाले गुराँस गाउँपालिकाको बाझो जग्गामा कृषि उत्पादन कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ सम्झनुपर्छ ।
(घ) “अध्यक्ष” भन्नाले यस गुराँस गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।
(ङ) “कृषि विकास शाखा” भन्नाले गाउँपालिकाको समग्र कृषि क्षेत्रको विकास गर्नका लागि स्थापना भएको कृषि विकास शाखा सम्झनुपर्दछ ।
(च) “कृषि सेवा केन्द्र” भन्नाले कृषि विकास शाखाको मातहतको कृषि सेवा केन्द्र सम्झनुपर्दछ ।
(छ) “बाझो जमिन भन्नाले” कृषि योग्य भुमी भएर पनि कम्तिमा ३ बर्ष देखि खेति नभई खाली रहेको जमिनलाई जनाउछ सो शब्दले ऐलानी, सरकारी, पर्ति तथा सरकारी संस्थाको नाममा रही बाँझो रहेको जग्गालाई सम्मेत जनाउछ ।
(ज) “कृषि खेति भन्नाले” बजारीकरण उद्देश्य राखी गरीएको कुनै पनि खेति (खाद्यन्न बाली, तरकारी बाली, फलफुल खेति, मसला बाली, तेलहन बालि, दलहन बाली नगदे बाली आदि) बालीलाई जनाउछ ।
(झ) “कृषि विकास समिति” भन्नाले कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७६ को दफा ५ बमोजिम गठन भएको कृषि विकास समिति र उप -समितिलाई सम्झनुपर्नेछ ।
(ञ) “आवेदक” भन्नाले बाँझो जग्गामा कृषि उत्पादन अनुदान कार्यक्रमका लागि अनुदान लिने ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म आदीलाई जनाउछ ।







(ट) “लाभग्राही किसान” भन्नाले कृषि विकास समितिबाट छनौट भएका आवेदकलाई सम्झनुपर्नेछ ।
(ठ) “वडा अध्यक्ष” भन्नाले यस गुराँस गाउँपालिकाका वडाका अध्यक्ष सम्झनु पर्नेछ ।
(ड) “वडा कार्यालय” भन्नाले यस गुराँस गाउँपालिका भित्रका आठ वटै वडा कार्यालय सम्झनुपर्नेछ ।

३. **उद्देश्य**:- यस कार्यविधि अनिसार कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछ ।
१. लामो समय देखि बाँझो रहदै आएका खेति योग्य जग्गाहरुमा पुनः खेति गर्न कृषकहरुलाई प्रोत्साहित गर्दै कृषि क्षेत्रको विस्तार उत्पादन र उत्पादकत वृद्धि गर्न,
२. बर्तमान अवस्थामा अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित कृषि योग्य जमिनको भरपुर उपयोग गरी कृषि व्यावसायबाट स्वरोजगारी सृर्जना गर्दै सम्भावित भोकमरी कुपोषण निर्मुल तथा खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई प्रवर्द्धन गर्ने,
३. वैदेशिक रोजागरीबाट फर्केका तथा घरैमा बसी कैहि गर्न चाहने युवा, प्राकृतिक प्रकोप पिडत व्यक्ति, शिक्षित र उत्साहित युवाहरुलाई कृषि व्यावसायमा आकर्षित गर्ने ।

## परिच्छेद-३
## कार्यक्रम संचालन विधि

४. **कार्यक्रम संचालन**:- यो कार्यक्रम गाउँपालिका भर लागु हुनेछ ।

५. **बाझो जग्गाको लगत राख्ने**:-
१) बाँझो जग्गाको एकिकृत लगत राख्ने मुख्य कामा कृषि विकास शाखाले गर्नेछ ।
२) जग्गाको लगत राख्ने काम अनुसुचि-१ बमोजिमको ढाँचामा हुनेछ ।
३) यो कार्यविधि स्वीकृत पश्चात कृषि विकास शाखाले वडा कार्यलाय मार्फत १० दिने सुचना प्रकाशित गर्ने छ ।
४) नियम (ग) बमोजिम सार्वजनिक सुचना पश्चात आफ्नो बाझो जग्गाको विवरण अनिबार्य रुपमा सम्वन्धित वडा कार्यालयमा जग्गाधनी आफै वा नजिकको हकवालाले गर्नु पर्ने छ। साथै सरकारी सस्थाको नाममा भएको बाँझो जग्गा भए सम्बन्धित सस्थाले सम्मेत विवरण उपलब्ध गराउनु पर्नेछ ।

५) बाझो जग्गाको लगत राख्ने क्रममा जग्गाधनिलाई अनुसुचि-२ बमोजिमको फारम अनिबार्य रुपमा भराउनु पर्नेछ ।

६) कृषि योग्य जमिन हो होईन भन्ने विषयम विवाद भएमा मालपोत कार्यालयमा रहेको दर्ता श्रेस्ता अनुसार अन्तिम निर्णय गाउँपालिकाको न्यायिक समितिले गर्ने छ ।

**६. प्रस्ताव माग गर्नेः-**

१) बाँझो जग्गामा कृषि उत्पादन अनुदान कार्यक्रम संचालनका लागि कृषि विकास शाखाले सम्बन्धित वडा कार्यालयमा टाँस हुने गरी २१ दिने सुचना प्रकाशन गर्नेछ ।

२) उपदफा १ बमोजिमको सुचना पश्चात तोकिएको मितिमा अनुसुचि- ३ बमोजिमको ढाँचाम तपशिलका कागजात सहिति विवेदन पेश गर्नुपर्ने छ ।

क) माग निवेदन साथ सस्था दर्ता भएको प्रमाणपत्र प्रतिलिपी ।

ख) कार्यक्रम मागसम्बन्धि निर्णय प्रतिलिपी ।

ग) स्थायी लेखा नं

घ) लेखापरिक्षणको रिपोर्ट

ङ) सम्बन्धित वडा कर्यालयको सिफारीस ।

च) अनुसुचि -४ बमोजिमको प्रस्ताव

छ) जग्जा लिजमा लिएको भए कम्तिमा ३ बर्ष सम्मको सम्झौता वा मन्जुरीनामा पत्र ।

ज) अनुसुचि- ५ बमोजिमको स्वघोषणा ।

झ) जग्गाधनी पुर्जा नभएको हकमा सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।

**७. लाभग्राही छनौटः-** अनुदान कार्यक्रम संचालनका लागि लाभग्राहीको छनौट कृषि विकास समितिले गर्नेछ ।

**८. अनुदान मुल्याङ्कनका मापदण्डहरु :-** बाझो जग्गामा कृषि उत्पादन अनुदान कार्यक्रमका लागि देहायका मापदण्डलाई प्राथामिकता दिईने छ ।

१) ३ वा ३ बर्ष भन्दा बढी खेति नगरी खाली रहेको जमिनमा मात्र अनुदान उपलब्ध हुनेछ ।







२) आशिक बाझो रहेको वा खेति गर्दै छाडदै आएको जग्गालाई सम्मेत समावेस गर्न सकिने ।

३) दिर्घकालिन व्यावसायिक कार्ययोजना सहित खेति गर्न लागिएको ।

४) पुजीगत योजना (सिंचाई यान्त्रिकरण) लाई विशेष रुपमा समावेश गरीएको

५) न्युनतम ३ रोपनी जग्गा हुनुपर्नेछ ।

**९. बजेट सम्बन्धि व्यावस्थाः-** क) बाझो जग्गामा खेतीपाती गर्ने कृषकहरुलाई उपलब्ध गराईने बजेटको व्यावस्था गाउँसभाले गर्नेछ ।

ख) कृषि विकास शाखाले गाउसभाबाट विनियोजित बजेटको अधिनमा रही राष्ट्रिय योजना आयोगको फर्मेटमा बार्षिक कृषि विकास कार्यक्रम प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराई कार्यक्रम संचालन प्रक्रिया गर्नुपर्नेछ

**१०. कार्यक्रम कार्यन्वयन र सम्झौताः-** (१) छनौट भएका लाभग्राहीहरुलाई कृषि विकास शाखाले ७ दिन भित्र जानकारीको सुचना सार्वजनिक गर्नुपर्ने छ ।

(२) छनौट भएका लाभग्राहीहरुले सुचना प्रकाशन भएको मितिले १० दिन भित्र कार्यालयमा आई अनुसुचि-६ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

(३) लाभग्राहिले सम्झौतामा उल्लेख भएबमोजिम मापदण्डमा रहि कार्यक्रम अघि बढाउनुपर्ने छ ।

(४) लाभग्राहिले आ.व. भित्र नै कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

## परिच्छेद-४
## साझेदारी र अनुदान प्रवाह

**११. साझेदारी कार्यक्रमको न्युनतम आकारः-** बाझो जग्गामा कृषि उत्पादन प्रोत्साहन अनुदान कार्यक्रमको लागि कम्तिमा पनि न्युनतम ३ रोपनी हुनुपर्नेछ साथै प्राविधिक एवम भौगोलिक हिसावले उपयुक्त भएको जग्गामा अनुदान रकम उपलब्ध गराईने छ ।

**१२. अनुदान रकम र भुक्तानी प्रक्रियाः-** (१) तोकिएको क्षेत्रफलमा गरीएको कार्य सम्पन्नताको आधारमा प्रति रोपनी रु २५००/- (अक्षरुपी रु दुईहजार पाच सय रुपैया) दरले कुल बाँझौ जग्गामा खेती गरीएको आधारले अनुदानग्राहीला अनुदान रकम उपलब्ध गराईने छ ।

(२) अनुदान रकम उपलब्ध गराउदा सम्बन्धित वडाको कार्यसम्पन्न प्रतिवेदन/ सिफारीस, कार्यक्रम झल्किने फोटोहरु र समुह सहकारीको हकमा सार्वजनिक लेखा परीक्षण तथा कार्यसम्पन्नताको बैठकको निर्णयका आधारमा गरीनेछ ।

(३) अनुदान रकम बाँझो जग्गामा खेती गरी उपयोग हुन थालेपाछि मात्र एकमुष्ट रुपमा उपलब्ध गरिनेछ ।

(४) साझेदारी कार्यक्रम सम्पन्न पश्चात पनि त्यसको व्यवस्थापनको जिम्मेवारी अनुदानग्राहीको हुनेछ। अनदान ग्राहीले कम्तिम पनि ५ बर्षसम्म सम्झौतामा उल्लेख भएबोजिम अविछिन्न रुपम खेति गर्नुपर्नेछ ।

## परिच्छेद-५
## अनुगमन र विविध

**१३. अनुगमन तथा मुल्याङ्कनः-** कार्यक्रमको अनुगमन १५ दिन वा १ महिनाको फरकमा कृषि विकास शाखाले गर्नेछ। यसका साथै बेला बेलामा गाउपालिकाका उपाध्यक्ष ज्यूको संयोजकत्वमा कार्यक्रमको अनुगमन गरीनेछ। अनुगमनको क्रममा दिईएका निर्देशन पालन गर्नु लाभग्राहीको कर्तव्य हुनेछ ।

**१४. बाधा अडकाउ फुकाउः-** यस कार्यविधिको कार्यन्वयनका सम्बन्धमा द्धिविधा भएमा त्यसको निराकरण कार्यपालिकाले गर्नेछ ।

**१५. संशोधनः-** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्नेछ ।

### अनुसुचि-१
**दफा ५ को उपदफा (२) संग सम्बन्धित**
**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रानीमत्ता, दैलेख

### बाँझो जग्गाको विवरण

| क्र.स. | जग्गा धनीको नाम सहित तिनपुस्ते विवरण | जग्गाधनीको ठेगाना | जग्गा अवस्थित | कित्ता नं. | क्षेत्रफल | किसिम | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |







### अनुसुचि-१
**दफा ५ को उपदफा (५) संग सम्बन्धित**
**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रानीमत्ता, दैलेख

### बाँझो जमिन तथ्याङ्क संकलन फारम

१) वडा नम्बरः-

२) टोल/बस्तीको नामः-

३) जग्गाधनीको नामः-

४) हाल जग्गाधनी स्थायी रुपमा बस्ने ठेगानाः-

गाउँमा ☐ जिल्ला भित्र तथा अन्य ठाउमा ☐ जिल्ला बाहिर

५) जमिन बाँझो हुनको कारणः-

६) जग्गा धनी खेति गर्न ईच्छुक छन् ?

छन ☐ छैन ☐

७) यदी छन भने योजना के कस्तो छ ?

८) यदी छैनन भने खेति नगर्नुको कारणः-

९) के जग्गा धनी जग्गा अरुलाई भाडामा दिन तयार छन् ?

छन ☐ छैनन ☐

१०) बाझो जमिनको कुल क्षेत्रफल रोपनीः-

११) सिंचाई सुविदा के कस्तो छ ?

१२) बाँझो जमिनमा हुन सक्ने सम्भावित बालीको नामः-

१३) उक्त बालीबाट हुन सक्ने अनुमानित उत्पादनः-

# अनुसुचि- ३

## दफा ६ को उपदफा (२) संग सम्बन्धित

## कार्यक्रम मागको निवेदन ढाँचा

मितिः-

श्रीमान प्रमुख प्रशासकिय अधिकृतज्यू
गुराँस गाउँकार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख

**बिषयः- बाँझो जग्गामा कृषि उत्पादन अनदान कार्यक्रम सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट सन्चालन गरीने बाँझो जग्गामा कृषि उत्पादन अनुदान कार्यक्रमका लागि मिति २०......./...../.......मा प्रकाशित सुचना अनुसार म/हामी/हाम्रो यस गाउँपालिका वडा नं .............मा रहेको श्री ...................................... कृषक/कृषि फर्म/कृषक समुह/सहकारी संस्था उक्त कार्यक्रम संचालन गर्न ईच्छुक रहेकाले आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु/छौं । कार्यालयले तोकिएको कार्यविधिहरु अपनाई सोहि अनुसार कार्यक्रम संचालन गर्न पुर्ण रुपमा मन्जुर भएको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

**निवेदक**

कृषक/कृषि फर्म/कृषकसमुह/कृषि सहकारी संस्थाको
अध्यक्ष/प्रतिनिधिको नामः-
ठेगानाः-
दस्तखतः-
सम्पर्क नः-
मितिः-
सस्थाको छापः







# अनुसुचि- ४

## दफा ६ को उपदफा (२) (ज) संग सम्बन्धित

## प्रस्ताब पत्र

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण**

| | |
|---|---|
| आवेदकको नामः- | |
| ठेगानाः- | |
| आवेदक संस्थाको किसिम(कुनै एकमा टिक लगाउने) | १ कृषक<br>२ कृषक समुह<br>३ कृषि सहकारी<br>४ कृषि फर्म |
| संस्था दर्ता मितिः | |
| स्थायि लेखा नम्बरः- | |
| संस्थाको मुख्य उद्दाश्यः- | |
| प्रोप्राईटरको नामः- | |
| मोबाईल नम्बरः- | |
| परियोजना स्थल( कार्य कार्यक्षेत्र) | |
| अन्य श्रोत वा साझेदारबाट काम भईरहेको भए अन्य साझेदार संस्था र वित्तिय सहयोग बारे खुलाउने । | |

**२) व्यावसायिक योजनाः-**

| क्र.स. | बाँझो जग्गाको क्षेत्रफल | संचालन गरीने कृषि व्यावसाय | बार्षि उत्पादन (अनुमानित) | बार्षिक कुल आम्दानी अनुमानित(रु) | रोजगारी सृर्जना | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**३) संचालन हुने मुख्य क्रियाकलाप र अनुमानित लागतः-**

| क्र.स. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | दर | जम्मा | कै. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| | जम्मा | | | | | |

**४) लागत साझेदारीः-**

यस कार्यक्रमको संचालन कुल .......... रोपनी क्षेत्रफलको बाँझो जग्गामा............. बालीको खेति गरीने अनुमान गरीएको छ । जसबापत कार्यलयबाट कार्यविधि अनुसार प्रति रोपनि रु २५००० ⁄- (अक्षरुपी दुई हजार पाँच सय मात्र) का दर ले हुन आउने जम्मा रकम रु............ ⁄-(अक्षरुपी ......................................) मात्र भुक्तानी गरीने छ। बाकी लागत खर्च कृषक स्वयमले साझेदारी गर्नु पर्नेछ।

## अनुसुचि- ५

**दफा ६ को उपदफा (२) (झ) संग सम्बन्धित**

**स्वघोषणा- पत्र**

गुराँस गाउँपालिका कृषि विकास शाखाद्वारा संचालन हुन गईरहेको बाँझो जग्गामा कृषि उत्पादन प्रोत्साहन कार्यक्रमका लागि म ⁄ हामी (कृषक ⁄ कृषक समुह ⁄ कृषि सहकारी ⁄ कृषि फर्म) सँग यस गाउँपालिकाको वडा नं...... को ................टोलमा ............रोपनी जग्गा ........बर्ष देखि बाँझो रहेको स्वघोषणा गर्दछु ⁄ गर्दछौं । उपर्युक्त व्यहोरा ठिक साँचो हो, झुट्ठा ठहरिय कानुन बमोजिम सहुँला बुझाउँला ।

| क्र.स. | आवेदकको नाम | नागरिकता नं र जारी जिल्ला | हालको ठेगाना र संम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |







## अनुसुचि- ६

**दफा १० को उपदफा (२) संग सम्बन्धित**

**बाँझो जग्गामा कृषि उत्पादन अनुदान कार्यक्रमकको सम्झौता-पत्र**

गुराँस गाउँपालिकाको कार्यालय मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत बाँझो जग्गामा कृषि उत्पादन प्रोत्साहन अनुदान कार्यक्रम संचालन गर्न गुराँस गाउँपालिकाको कार्यालय (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र कार्यक्रमका लागि छनौट भएका गुराँस गाउपालिका वडा नं ......मा रहेको कृषक ⁄ कृषक समुह ⁄ कृषि सहकारी ⁄ कृषि फर्म श्री...................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाका आधारमा कार्यक्रम सम्पन्न गर्नका लागि सम्झौता ⁄ सहमति भई यो सम्झौतामा सहिछाप गरि एक ⁄ एक प्रति लियौं दियौं ।

**तपशिल**

१. यो सम्झौता पत्र कृषक ⁄ समूह ⁄ सहकारी ⁄ फर्म र गाउँ कार्यपालिकाको कार्याल बीच बाँझो जग्गामा कृषि उत्पादन प्रोत्साहन कार्यक्रम कार्यन्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ ।
२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिने छ ।
३. प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम सम्पन्न पश्चात सम्झौता बमोजिमको रकम उपलब्ध गराउने छ ।
४. प्रथम पक्षले रकम भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको प्रतिवेदन र आवश्यकत अनुसार आयोजनाको निरिक्षण गरी रकम भुक्तानी गरिनेछ। साथै अनुदानग्राहील रकम भुक्तानी माग्दा कार्यक्रम सम्पन्नको कर्यक्रम झल्किने फोटो र बिल भरपाई पेश गर्नुपर्नेछ ।
५. अनुदान बापत रु............ ⁄- (अक्षरुपी ..................................... मात्र) नियमानुसार कट्टि हुने रकम कट्टी गरी बैङ्क खाता मार्फत भुक्तानी दिनेछ ।
६. दोस्रो पक्षले स्वीकृत प्रस्तावमा उल्लेखि भए बमोजिमका कार्यहरु कार्ययोजना अनुसार गर्नुपर्नेछ ।
७. पहिलो पक्षले कार्यक्रमको नियमित अनुगमन निरिक्षण गर्नुपर्नेछ ।
८. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेमा वा अनुदान रकमको दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरीनेछ ।

९. अनुदान ग्रहिले भुक्तानी माग्नु पूर्व परियोजनाको सार्वजिनिकिकरण/Public Aditing सम्मेत गराउनुपर्नेछ ।

१०. दोस्रो पक्षको बैङ्क खाताको विवरण तपशिलको हुनेछ ।

| | |
|---|---|
| बैङ्कको नाम र ठेगानाः | |
| बैङ्क खाताको नामः- | |
| बैङ्क खाता नं. | |
| बैङ्क खाताको किसीमः- | |
| बैङ्क खाता संचालकको नामः- | |
| पदः- | |

११. यो सम्झौतामा उल्लेख भएका कुराहरु मा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐनं तथा कार्यक्रम संचालन कार्यविधि बमोजिम हुनेछ ।

सम्झौता मितिः २०७ / /

| | |
|---|---|
| **प्रथम पक्षः**<br>कार्यालय प्रमुखको हस्ताक्षरः<br>नामः<br>पदः<br>मितिः<br>कार्यालयको छापः | **दोस्रो पक्षः**<br>कृषक/कृषि फर्म/समुह/कृषि सहकारी सस्थाको तर्फबाट सहि गर्नेको<br>नामः<br>हस्ताक्षरः<br>सम्पर्क नं.:<br>मितिः<br>औठाको छापः दायाँ बायाँ<br><br>संस्थाको छाप |

आज्ञाले
**बम बहादुर के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**